वर्ष : २१, अंक : १३, काठमाडौं, २०८२ साउन २३ गते शुक्रबार, 8 August, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# 'रुपन्देही ३ को उपनिर्वाचन जसरी पनि हामी जित्नैपर्छ'

रुपन्देही । संघीय लोकतान्त्रिक मोर्चाले रुपन्देहीको सियारीमा वर्तमान अवस्था बारे, "जनजागरण अभियान" कार्यक्रम नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीको अध्यक्षतामा सम्पन्न भएको छ। बैठकमा मोर्चाका शीर्ष नेताहरुले मन्तव्य राखेका थिए । मोर्चाका नेता राजेन्द्र महतो, हृदयेश त्रिपाठी, रेशम चौधरी, वृषेश चन्द्र लाल, राम कुमार शर्मा, सन्तोष पाण्डेय, केशव झा, डा. शिवजी यादव, ओमप्रकाश यादव लगायतले मन्तव्य राखेका छन् ।



कार्यक्रममा बोल्दै राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले अहिलेको सत्ता गठबन्धन अप्राकृतिक रहेको र देशलाई लुट्न र पाप लुकाउनलाई बनाएको बताए। यो काण्डै काण्ड वाला सरकार हो। रुपन्देही ३ मा हुने चुनाव केवल चुनाव होइन ०८४ को चुनावमा हामी सकिने कि बाँच्ने त्यस्को टेष्ट रहेको बताए। अधिकार र पहिचानको लागि उत्पीडित र विभेदमा परेका जनता यो देशमा सधैं गुलाम रह्ने कि मालिक बन्ने त्यस्को परिक्षावाला चुनाव हुने बताए।

कार्यक्रममा बोल्दै जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले देश हाम्रो भएपनि राज्यसत्ता हाम्रो हुन सकेन बताए। चुरे वन विनाश हुने खालको कानुन बनाए बिद्रोह हुने बताए। चुरेको विनाश भनेको सभ्यताको विनाश हो भने।

कार्यक्रममा बोल्दै नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले मधेशीहरुले थारुलाई विश्वास गरेर गुन लगाएको बताए। त्यसकारण यसपालिको उपनिर्वाचन खेलाची नभएको बताए हामी जसरी पनि जित्नै पर्ने बताए।

कार्यक्रमा बोल्दै तमलोपाका अध्यक्ष वृषेश चन्द्र लालले यथाशीघ्र लाल आयोगको प्रतिवेदन सार्वजनिक गरिनुपर्ने बताए।

कार्यक्रमा बोल्दै जसपा नेपालका महासचिव राम कुमार शर्माले मधेश जनबिद्रोहको कारण भुल्न नहुने बताए। हामी सबै उत्पीडित नमिलि हाम्रो मुक्ति सम्भव नहुने बताए ।

कार्यक्रममा बोल्दै लोसपाका नेता तथा प्रदेश मन्त्री सन्तोष पाण्डेले मोर्चाको साझा उम्मेदवारलाई जिताई छाड्ने प्रतिबद्धता व्यक्त गरे।

संघीय लोकतान्त्रिक मोर्चाले देशभर आठ स्थानमा जनजागरण अभियान घोषणा गरेको छ।

## राष्ट्रिय मुक्ति पार्टीले चयन गर्‍यो केन्द्रीय पदाधिकारी



काठमाडौं । पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालले केन्द्रीय पदाधिकार र केन्द्रीय निकायको पदाधिकारी एवं सदस्य चयन गरेको छ । राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष महतोले ३१ सदस्यीय केन्द्रीय पदाधिकारी र केन्द्रीय अनुशासन समिति, केन्द्रीय निर्वाचन समिति, केन्द्रीय लेखा परीक्षण समिति र केन्द्रीय विज्ञ समितिका अध्यक्ष एवं सदस्यहरु चयन गरेका छन् ।

केन्द्रीय पदाधिकारीहरुमा अध्यक्ष महतो, तीन वरिष्ठ उपाध्यक्षमा कमला कुमारी गुरुङ, रामनरेश राय यादव र सुमन सायमी रहेका छन् । यस्तै, उपाध्यक्षमा कौशल कुमार सिंह, डा.राजीव झा, राजेन्द्र प्रसाद पाठक र ओमप्रकाश यादव, महासचिवमा केशव कुमार झा, मिङमार तामाङ, रमेश योङहाङ, सन्तोष कुमार मेहता र अनिल महासेठ चयन भएका हुन् ।

यसैगरी, कोषाध्यक्षमा नरेन्द्र बज्राचार्य, प्रवक्ताद्वयमा रवीन्द्र कुमार श्रेष्ठ र रमण कुमार पाण्डेय चयन भएका छन् । त्यसैगरी, सात जना सहमहासचिव, एक सहकोषाध्यक्ष र सात सचिव चयन भएको अध्यक्ष महतोले विज्ञप्तिमार्फत जनाएका छन् ।

## गठबन्धनले भ्रष्टाचारविरुद्ध देशव्यापी जनजागरण अभियान चलाउँदै



काठमाडौं । पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी नेतृत्वको नेपाल सङ्घीय समाजवादी पार्टीको केन्द्रीय पदाधिकारी तथा काठमाडौं उपत्यकाका नेताहरूको संयुक्त बैठक बुधबार राजधानीस्थित पार्टी केन्द्रीय कार्यालय बुद्धनगरमा सम्पन्न भएको छ । बैठकले वर्तमान राजनीतिक अवस्थाबारे गहिरो समीक्षा गर्दै, देशमा व्याप्त भ्रष्टाचार, लुटतन्त्र, शोषण र बेथिति विरुद्ध पार्टीको स्पष्ट र दृढ धारणा सार्वजनिक गरेको छ ।

बैठकको अध्यक्षता पार्टीकी उपाध्यक्ष सीमा खानले गर्नुभएको थियो भने सञ्चालन महासचिव अनन्त राईले गर्नुभएको थियो। बैठकमा कोषाध्यक्ष ममताज अन्सारी, उपमहासचिवहरू जनक कार्की र सुरेन्द्र प्रधान, सचिव दिनेश पाख्रिन, उपत्यका इन्चार्ज चन्द्र तामाङ, विदेश विभाग प्रमुख ठाकुरचन्द्र गहतराज, साथै अन्य केन्द्रीय पदाधिकारी तथा उपत्यकाका नेताहरूको उल्लेखनीय उपस्थिति थियो।

बैठकले देशभर फैलिएको लुटतन्त्र, अनियमितता र सुशासनको अभावले आम नागरिकको जीवन अस्तव्यस्त भएको ठहर गर्दै, संघीय गणतान्त्रिक गठबन्धनको आव्हानमा संयुक्त जनजागरण अभियान लाई दृढताका साथ अघि बढाउने निर्णय गरेको छ। यस अभियानअन्तर्गत भदौ ७ गते महोत्तरीको जलेश्वर र भदौ २७ गते काठमाडौँमा भव्य अन्तरक्रिया तथा जनसभा आयोजना गरिने भएको छ ।

बैठकले यी कार्यक्रमहरूलाई भव्य र प्रभावकारी रूपमा सम्पन्न गर्न देशभरका सम्पूर्ण पार्टी पंक्तिलाई पूर्ण तयारीमा जुट्न निर्देशन दिएको छ। साथै काठमाडौं उपत्यकामा हुने कार्यक्रमको सफल आयोजनाका लागि महासचिव अनन्त राईको नेतृत्वमा १३ सदस्यीय तयारी समिति समेत गठन गरिएको छ। यो अभियान अन्याय, उत्पीडन र भ्रष्टाचारविरुद्ध जनताको आवाज बनेर उठ्ने नेताहरुले बताएका छन् । पार्टीले भदौ २७ गते काठमाडौँमा हुने 'उत्पीडित जनताको मुक्ति आन्दोलन तथा वर्तमान राजनीतिक अवस्था' विषयक विचार गोष्ठीमा देशभरका आम नागरिकलाई सक्रिय सहभागिता जनाउन हार्दिक अनुरोध गरेको छ ।

## निलम्बित उपाध्यक्ष साह निष्काशित



काठमाडौं । डा.सीके राउत नेतृत्वको जनमत पार्टीका निलम्बित उपाध्यक्ष ई.दीपक कुमार साहलाई साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट निष्काशन गरिएको छ । ई.साहलाई पार्टी हितविपरीत कार्य गरेको भन्दै जनमत पार्टीले ६ महिनाका लागि निलम्बन गरेको थियो ।

जनमतले उनलाई २०८१।११।२१ गते केन्द्रीय अनुशासन समितिबाट ११ बुँदे स्पष्टीकरण माग गरेको थियो । सो स्पष्टीकरणको जवाफ उनले फागुन २७ गते दिएका थिए । स्पष्टीकरण चित्त बुझ्दो नभएको र अनुशासन उल्लंघनको गतिविधि निरन्तर कायम नै राखेको भनेर २०८१।१२।१४ मा १४ बुँदे सुधारको सुझावसहित ६ महिनाका लागि पार्टीको सम्पूर्ण पदबाट निलम्बन गरिएको थियो ।

तत्पश्चात् पनि कुनै सुधार देखाउनुको साटो पार्टीको विधानविपरीत पार्टीविरोधी निरन्तर संलन रहेको भन्दै जनमत पार्टीले ई.साहलाई साधारण सदस्यसमेत नरहने गरी निष्काशन गरेको जनाइएको छ ।

## गृहश्रमिकलाई औपचारिक श्रमिकका रूपमा कानुनी मान्यता दिने प्रक्रिया सुरु

काठमाडौं । नेपाल सरकारले पहिलोपटक गृहश्रमिकलाई औपचारिक श्रमिकका रूपमा कानुनी मान्यता दिने प्रक्रिया सुरु गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको निर्देशनमा मन्त्रालयले आवश्यक कानुनी संशोधन प्रक्रिया अघि बढाएको हो।

मन्त्री भण्डारीले हालसम्म अनौपचारिक क्षेत्रमा रहेका गृहश्रमिकलाई औपचारिक श्रम प्रणालीमा ल्याउनु अत्यावश्यक रहेको धारणा व्यक्त गर्दै, त्यसअनुसार कानुनी आधार तयार गर्न प्रकृया थालिएको जानकारी दिए ।




मन्त्रालयका अनुसार यो प्रक्रिया अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धी १८९ अनुसार अगाडि बढाइएको हो। नेपाल यस अभिसन्धीका पक्षधर भएको हुनाले गृहश्रमिकलाई कानुनी रुपमा मान्यता दिने व्यवस्था गर्न कानुन तयारी भइरहेको छ।

यद्यपि, श्रम ऐन २०७४ मा घरायसी श्रमिकसम्बन्धी विषय उल्लेख भए पनि समयसापेक्ष परिमार्जन आवश्यक ठहर गर्दै गृहश्रमिकको परिभाषा स्पष्ट गरी कानुनी रुपमा समेट्नेगरी ऐन संशोधन प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ। घरायसी श्रमिक र गृहश्रमिक फरक फरक बिषय भएको हुनाले कानुनी रुपमा प्रष्ट हुने गरी संशोधन गरी परिमार्जन गरिनेछ ।

यसै सन्दर्भमा, अन्तर्राष्ट्रिय श्रम संगठनले

बाँकी अन्तिम पृष्ठमा

## राहत प्याकेज बिना नै सुख्खा क्षेत्र घोषणा सरकारको हावादारी काम : प्रभु साह

कलैया । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले सरकारले मधेशलाई विपद संकटग्रस्त क्षेत्र घोषणा गर्ने तर राहत प्याकेजको कुनै योजना नल्याउनु सरकारको नालायकीपन भएको टिप्पणी गरेका छन् ।

बाराको कलैया स्थित उधोग बाणिज्य संघको सभाहलमा आजपाद्धारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले राहत प्याकेज बिना सुख्खाक्षेत्र घोषणाले पीडितलाई झन पीडित बनाएको बताए । मधेसमा जलसंकट देखिएपछि सरकारले मधेसका आठ जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो । तर सरकारले अहिलेसम्म राहतको कुनै प्याकेज ल्याउन सकेको छैन् ।

'मधेसमा जलसंकटले सर्वसधारणदेखी किसानसम्म मर्कामा परेका छन्, समस्यामा छन् । सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नु त ठिकै हो । तर के सरकारको काम केवल संकटग्रस्त घोषणामात्रै हो ? के सरकारले पिडामा रहेका ति मान्छेका लागि कुनै राहतको प्याकेज ल्याउँनु हुँदैन



? राहत प्याकेजको कुनै योजना नल्याउनु सरकारको नालायकीपन हो,' आजपा अध्यक्ष साहले भने ।

तराई मधेसमा पानीको हाहाकार छ । जलसंकट भएर किसानदेखी सर्वसधारणसम्मका व्यक्तिहरु पीडामा रहेको बताउदै सरकारको जिम्मेवारी संकटग्रस्त क्षेत्र घोषणा गर्नु मात्रै नभएको बताए । साहले पीडितलाई तत्काल राहत प्याकेज सहित दिर्घकालिन रुपमा पानीको समस्या समाधानमा सरकार लाग्नुपर्ने ध्यानाकर्षण गराएका छन् ।

मधेसमा जलसंकट देखिएपछि हेलिकप्टरमा सैयर गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले पाँच सय डिपबोरिङ गाड्ने घोषणा गरेको तर हालसम्म एउटा पनि डिपबोरिङ नगाडिएको भन्दै उनको घोषणा हावादारी गफ मात्रै भएको टिप्पणी गरे ।

'प्रधानमन्त्रीजी हेलिकप्टरमा सैयर गर्दै आउनुभयो र पाँच सय डिप बोरिङ गाड्ने भन्नु भयो । म सोध्न चाहन्छु त्यो पाँच सय डिप बोरिङ कहाँ छ ? कहिले गाड्ने हो ? यस्तो हावादारी गफ गरेर जनताको भावनासंग खेलवाड गर्न पाइन्छ ?,' आजपा अध्यक्ष साहले प्रश्न गरे ।

प्रधानमन्त्री ओलीले मधेसका जिल्लामा पाँच सय डिपबोरिङ गाडने आश्वासन दिएपनि तीन हप्ताभन्दा बढी समय बित्दा समेत सर्वसधारणले डिपबोरिङ पाउँन सकेका छैनन् ।

'प्रधानमन्त्रीजी तपाईको सुख्खाक्षेत्र घोषाण के भयो ? तपाईले मधेसमा पाँच सय डिपबोरिङ गाडछु भन्नुभएको थियो । तर आज ती हप्ता हुँदा समेत त्यो डिपबोरिङ कहाँ-कहाँ गाडनुभयो ? डिपबोरिङ बारेमा तपाईकै सरकारी निकायलाई थाहा छैन । न सिचाइलाई थाहा छ, न त खानेपानी मन्त्रालयलाई थाहा छ,' साहले भनिन्, 'न योजना छ, न बजेट छुट्याउनुभएको छ । मधेसी जनतासंग यस्तो भद्धा मजाक किन ? तपाई त विदेशबाट महंगो मिनिरल वाटर मगाएर खानुहुन्छ । तर मधेसका जनताले साधारण पानी नपाएर तडपाउने काम किन गर्नुहुन्छ ?'

आश्वासन नभई पीडित जनतालाई राहत प्याकज दिन उनले माग गरेका छन् । अहिले मधेसमा खानेपानी नपाएर जनता मारमा परेका छन् । चापाकल सुकेको छ, इनार सुकेको छ तर पनि सरकारले यस्तो गम्भिर बिषयमा ध्यान नदिइ जनताको भावनासंग खेलवाड गरिरहेको उनले बताए ।

सरकारले मधेश प्रदेशमा जलसंकट देखिएपछि मधेशका आठ जिल्लालाई विपद्

बाँकी अन्तिम पृष्ठमा

# चिनियाँले भिसा दुरूपयोग र अवैध व्यापार सञ्चालन गरिरहेको आरोप



वीरगञ्ज । वीरगञ्जको आदर्शनगरमा रहेको “रेनरेनले सुपरमार्केट“ मा चिनियाँ नागरिकहरूले भिसाको दुरुपयोग गरी अवैध व्यापार गरिरहेको आरोप लागेको छ। यस सम्बन्धमा राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले पर्साका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै तत्काल छानबिनको माग गरेका छन्। ज्ञापनपत्रमा उल्लेख गरिएअनुसार, स्थानीय व्यापारी देवकी अग्रवालको घरमा सञ्चालित उक्त सुपरमार्केटमा जियांग लि र एन मिङ नामक दुई चिनियाँ नागरिकले बिक्री काउन्टरमै बसेर प्रत्यक्ष व्यापार गरिरहेका छन्। कागजी रूपमा पसलको स्वामित्व नेपाली नागरिक तिलक बहादुर खड्काको नाममा भए पनि, यसको वास्तविक सञ्चालन र सम्पूर्ण लगानी भने चिनियाँ नागरिकहरूकै रहेको आरोप अभियानले लगाएको छ।

राष्ट्रिय एकता अभियानले यस घटनालाई चार तहमा गम्भीर समस्याका रूपमा प्रस्तुत गरेको छ। पहिलो, यसले स्थानीय व्यापारमा नकारात्मक असर पारेको छ किनकि नेपाली व्यापारीहरू घाटामा चलिरहेका बेला विदेशीले महँगो भाडामा व्यापार गरिरहेका छन्। दोस्रो, भारतसँगको खुला सीमाका कारण संवेदनशील मानिने वीरगञ्जजस्तो क्षेत्रमा यस्ता गतिविधि हुनुले राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न भएको छ। तेस्रो, पर्यटक भिसामा आएर प्रत्यक्ष व्यापार गर्नु कानुनविपरीत हो र नेपालीको नाममा स्वामित्व लुकाएर व्यापार भिसाको दुरुपयोग गर्नु कानुनको छिद्रको गलत प्रयोग हो। चौथो, नेपालीको नाममा दर्ता भएको व्यवसाय चिनियाँ नागरिकले सञ्चालन गर्नुले नेपालको कानुनी प्रणाली र प्रक्रियाकै अवहेलना भएको छ।

यी गम्भीरतालाई मध्यनजर गर्दै अभियानले प्रमुख जिल्ला अधिकारीसमक्ष चारवटा माग राखेको छ। ज्ञापनपत्रमा चिनियाँ नागरिकहरूको भिसा र कागजातको तत्काल छानबिन गरी अवैध पाइएमा कारबाही गर्न माग गरिएको छ। साथै, व्यवसायको वास्तविक लाभग्राही ( दभलभाष्अर्ष्बा यधलभच) को पहिचान गरी कम्पनीको दर्ता खारेज गर्न वा व्यापार सञ्चालनमा रोक लगाउनुपर्ने माग पनि राखिएको छ। यसका अतिरिक्त, सीमा क्षेत्रमा विदेशी नागरिकहरूको गतिविधिमाथि निगरानी प्रणालीलाई सुदृढ गर्न र स्थानीय व्यापारीहरूको संरक्षणका लागि ठोस नीति ल्याई विदेशी व्यापार नियमनलाई थप कडा बनाउन पनि अभियानले आग्रह गरेको छ।

अध्यक्ष विनय यादवले राष्ट्रको स्वाभिमान, स्थानीय व्यवसायको अस्तित्व र भूराजनीतिक संवेदनशीलतालाई ध्यानमा राख्दै प्रशासनले यस विषयमा तत्काल ठोस कदम चाल्नुपर्ने आवश्यकता औंल्याएका छन्।

## आम उद्योग वाणिज्य संघको आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर

काठमाडौं । आम जनता पार्टी ( आजपा) निकटको आम उद्योग बाणिज्य संघको आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

२६औं श्रावनी मेलाको शुभअवसरमा काठमाडौंको सुन्दरीजल स्थित गोकर्णेश्वर महादेव मन्दिरमा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको हो । भोलेनाथ काँवरिया संघको आयोजना र आम उद्योग बाणिज्य संघको समन्वयमा सो स्वास्थय शिविर सम्पन्न भएको संघका अध्यक्ष साजन जयसवालले जनाएका छन् । शिव भक्तजनहरुको नि:शुल्क स्वास्थ्य चेकजाँचको कार्यक्रम गरेर आफूहरुले पनि धर्मकर्म गरेको जयसवालले जनाएका छन् ।

शिविरमा बोलबम काँवरियाहरुको नि:शुल्क स्वास्थ्य चेकजाँच भएको भोलेना काँवरिया संघका अध्यक्ष राजकुमार साह कलवारले जनाएका छन् । सो अवसरमा सयौं बोलबम काँवरियाले स्वास्थय शिविरको लाभ लिएका छन् ।

शिविरमा डा. सुनिल चौधरी नेतृत्वको चिकित्स टोलीले भोलेनाथ काँवारियाको चेकजाँच सहित स्वास्थ्य परिक्षण गरेको छ । आम उद्योग बाणिज्य संघका अध्यक्ष साजन जैसवाल, भोलेनाथ काँवरिया संघका अध्यक्ष राजकुमार साह कलवार, कार्यकारिणी अध्यक्ष चुनुलाल जयसवालको विशेष सहकार्यमा नि:शुल्क स्वास्थय शिविर सम्पन्न भएको हो ।


**सूचना ! सूचना !! सूचना !!!**

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**

धनुषा, मधेश प्रदेश



**सूचना ! सूचना !! सूचना !!!**

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**

सर्लाही, मधेश प्रदेश



**सूचना ! सूचना !! सूचना !!!**

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**महोत्तरी गाउँपालिका**

महोत्तरी, मधेश प्रदेश



**सूचना ! सूचना !! सूचना !!!**

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**पिपरा गाउँपालिका**

महोत्तरी, मधेश प्रदेश





# रोजगारदाता र योगदानकर्ताको सूचीकरण र योगदान रकम संकलनमा उल्लेख्य वृद्धि : कोष

काठमाडौं । सामाजिक सुरक्षा कोषले रोजगारदाता र योगदानकर्ताको सूचीकरणमा र योगदान रकम संकलनमा उल्लेख्य वृद्धि भएको जनाएको छ ।




आज काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा कोषका प्रवक्ता कृष्ण अधिकारीले आ.व. २०८१/८२मा कुल रोजगारदाता सूचीकरण संख्या २०,९५१ पुगेको बताउनुभयो । उहाँले कुल योगदानकर्ता श्रमिकको संख्या यस आ.व. २०८१/८२ मा थप ८ लाख ८२ हजार ९४६ ले वृद्धि भई कुल २३ लाख ७४ हजार ४८६ पुगेको जानकारी दिनुभयो । जसमध्ये औपचारिक तर्फ ६ लाख ०१ ह्जार ८२५, वैदेशिक क्षेत्र तर्फ १७ लाख ७१ ह्जार ५३७, अनौपचारिक र स्वरोजगार क्षेत्र तर्फका श्रमिक ११२४ संख्या रहेको छ । आ. व. २०८१/८२ मा थप २५ अर्व ३६ करोड रुपैयाँ योगदान रकम संकलन सहित कूल योगदान रकम संकलन ८३ अर्व ६५ करोड पुगेको कोषद्वारा जारी प्रस विज्ञप्तिमा समेत उल्लेख रहेको छ ।

प्रवक्ताद्वरा जारी विज्ञप्ति उल्लेख भएअनुसार सामाजिक सुरक्षा कोषमा आवद्ध भई नियमित योगदान गरेका योगदानकर्ताहरुलाई कोषले सञ्चालनमा ल्याएका सामाजिक सुरक्षा योजनाहरुको उपयोग गरे बापत भुक्तानी गर्दै आईरहेको छ । औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना अन्तरर्गत १ लाख १० हजार ६९६ योगदानकर्तालाई २ अर्व १५ करोड, दुर्घटना तथा अशक्तता सुरक्षा योजना ५,९३३ योगदानकर्तालाई २० करोड त्यस्तै आश्रित परिवार सुरक्षा योजना अन्तरर्गत ७ सय ४५ जनालाई २६ करोड र वृद्ध अवस्था सुरक्षा योजना अन्तरगत १ लाख १२ हजार ८ सय ६८ योगदानकर्तालाई १३ अर्व १३ करोड भुक्तानी भएको जानकारी उल्लेख छ । आ.व. २०८१/८२ मा थप ३ लाख ६२ हजार वटा दावि भुक्तानी मार्फत ५ अर्व ८७ करोड रकम सहित कुल ७ लाख ५६ हजार वटा दाबि भुक्तानी मार्फत हालसम्म कुल १५ अर्व ७५ करोड रुपैयाँ रकम भुक्तानी गरिएको जारी विज्ञप्तिमा उल्लेख रहेको छ ।

योगदानकर्ता सापटी अन्तरर्गत विशेष सापटी ३४ हजार २० योगदानकर्तालाई ६ अर्व ९० करोड, घर सापटी ६७ योगदानकर्तालाई १३ करोड र शैक्षिक सापटि १० योगदानकर्तालाई १ करोड गरी कूल ३४ हजार ९७ योगदानकर्तालाई ७ अर्व ४ करोड भुक्तानी भएको कोषद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

कोषको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन यसै आ.व. २०८१/८२ मा थप २४ वटा सहित कूल १०७ वटा स्वास्थ्य संस्थासंग स्वचालित प्रणाली जडान भई सेवा प्रवाह भइरहेको छ । वैदेशिक रोजगारी र स्वरोजगारीमा रहेका व्यक्तिहरुको कोषमा योगदान रकम संकलन कार्यलाई थप सहज बनाउन १२ वटा वित्तीय संस्थासंग आवश्यक सहकार्यको लागि सम्झौता गरिएको कोषले जनाएको छ ।

औपचारिक क्षेत्रका श्रमिकहरुको लागि सामाजिक सुरक्षा योजना संचालन कार्यविधिको संशोधन स्वीकृत भई योगदानकर्ताको परिवारमा स्वास्थ्य सेवा विस्तार भई यसै आर्थिक वर्षमा कार्यान्वयनमा आईसकेको छ । भने आज भन्दा ५ वर्ष अगाडी योगदानकर्तामा मात्र सिमित रहेको स्वास्थ्य उपचार सेवा आज योगदानकर्ताको परिवारमा समेत विस्तार भइसकेको र औषधी उपचारको १ लाखको सीमालाई योगदानकर्ताको हकमा अस्पतालमा भर्ना भई उपचार गराउनु पर्ने भएमा १० लाख सम्मको उपचार खर्च ५० प्रतिशत सहभुक्तानी सुविधा समेत कोषले उपलब्ध गराउने गरी सुविधा विस्तार भइसकेको जारी विज्ञप्तिमा उल्लेख छ । अबको करिव चार वर्ष कोषमा आवद्ध हुने श्रमिक र श्रमिकको परिवारको स्वास्थ्य जिम्मा कोष मार्फत राज्यको हुने गरी काम भइरहेको छ ।

त्यस्तै विज्ञप्तिमा उल्लखे भएअनुसार मानविय पुँजीको महत्वपूर्ण पाटो जनसांख्यिकीय लाभलाई अधिकत्तम उपयोग गर्ने गरी काम गर्ने उमेर सम्म काम गर्ने र कमाईको केहि हिस्सा मासिक रुपमा कट्टा गरी राज्यको संयन्त्र सामाजिक सुरक्षा कोषमा जम्मा गरेपछि मनोविज्ञान विकास मार्फत नयाँ पुस्तामा राज्य प्रतिको अपनत्वमा भावना अभिवृद्धि हुने गरी कोषका हरेक रणनीतिहरु केन्द्रित छन । भने अर्कोतिर कोष आन्तरिक पुँजी परिचालनको महत्वपुर्ण माध्यम हुने गरी राज्यको पुर्वाधार निर्माणमा कोषको रकम उपयोग हुन सक्ने गरी नीतिगत आधारहरु तयार गरिरहेको उल्लेख छ ।

## जसपा नेपाल सप्तरीको अध्यक्षमा केदार यादव निर्वाचित

काठमाडौं । जनता समाजवादी पार्टी, नेपाल सप्तरी जिल्लाको अधिवेशनबाट अध्यक्ष पदमा केदार यादव निर्वाचित भएका छन् । निकटतम प्रतिस्पर्धी उमेश यादवलाई ३० मतले पराजित गर्दै अध्यक्षमा केदार विजयी भएका हुन् ।

मंगलबार राजविराजमा जिल्ला अधिवेशनको निर्वाचनमा अध्यक्ष पदका लागि पाँच सय चार मत परेको थियो । जसमा दुई सय ३५ मत ल्याएर जसपा नेपाल सप्तरीको आगामी कार्यकालको लागि केदार यादव अध्यक्षमा निर्वाचित हुन् । केदार यादव यसअघि पनि सप्तरीको जिल्ला अध्यक्ष पदमा कार्यरत थिए ।

यसैगरी, जिल्ला उपाध्यक्षमा लक्ष्मण यादव विजयी भएका छन् । उनले निकटतम प्रतिस्पर्धी हरेराम यादवलाई जम्मा ९ मतले पराजित गर्दै विजय हासिल गरेका छन् ।

## काठमाडौं महानगरको गुण्डागर्दी रोक्न माग गर्दै गृह र कानूनमन्त्रीलाई ज्ञापनपत्र

काठमाडौं । कवाड व्यवसायी समाज नेपालले काठमाडौं महानगरपालिकाद्वारा व्यवसायीमाथि भइरहेको गुण्डागर्दी तत्काल रोकी शान्ति सुरक्षाको माग गर्दै गृहमन्त्री रमेश लेखक र कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियालाई ज्ञापनपत्र बुझाएका छन् ।

कवाड व्यवसायी र संकलकमाथि भईरहेको ज्यादती रोक्नको लागि उनीहरुले गृहमन्त्री लेखक र कानून मन्त्री चौरसियासमक्ष माग गरेका छन् । काठमाडौं महानगरको गुण्डागर्दी र ज्यादतीलाई तत्काल रोक्न लगाई व्यवसायीको जिउधनको रक्षाको लागी पनि उनीहरुले माग गरेका छन् । आज (शनिबार) मन्त्रीक्वार्टर पुगेर उनीहरुले विभिन्न माग समेटिएको ज्ञापनपत्र बुझाउने क्रममा यस्तो आग्रह गरेका हुन् ।

मन्त्रीसमक्ष उनीहरुले बुझाएको ज्ञापनपत्रमा भनिएको छ, ‘उपरोक्त सम्बन्धमा निवेदन यो छ कि हामी कवाडी व्यवसायीहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम दर्ता रहि काठमाडौं महानगरपालिकाको विभिन्न वडाहरुमा कवाड व्यवसाय संचालन गर्दै आएका छौ । बर्षौ देखि कवाड व्यवसाय गर्दै आएका कवाड व्यवसायीहरुले सरकारलाई तिर्नु पर्ने सम्पुर्ण कर (राजस्व) तिर्दै आएका छौं । देशमा संचालीत उद्योगहरु स्टील, वियर तथा मदिराजन्य उद्योग, कागज, प्लाष्टिक, ब्याट्री, मेटल उद्योगलाई चाहिने कच्चा पदार्थ कवाड व्यवसायीले आपूर्ती गर्दै आएको छ र देशको व्यापार घाटा कम गर्न कवाड व्यवसायको भुमिका रहेको छ । हाल यो व्यवसायमा एक लाख मानिस प्रतक्ष रोजगारमा आवद्ध रहेको कुरा यहाँलाई अवगत गराउन चाहन्छौं र वातावरणीय सरसफाईमा कवाड व्यवसायको योगदान रहेको छ ।’

अध्यक्ष रामकेवल गुप्ताको नेतृत्वमा गएको टोलीले ज्ञापनपत्र बुझाएको हो ।

‘तथापि काठमाडौं महानगरपालिकाले विगत २ वर्ष देखी आफ्ना प्रहरी परिचालन गरी गुण्डागर्दी सैलीमा कवाड व्यवसायी, संकलक मजदुरहरु माथी कुटपिट गर्ने, अपहरण गर्ने र कवाड व्यवसायका संरचनाहरु भत्काउने, संकलक र मजदुरका साईकल र समान जफत गर्ने काम गरिरहेको छ । काठमाडौं महानगर प्रहरीको कुटपिटका कारण कवाड व्यवसायी र संकलहरुको टाउको फुटेको र अङ्गभङ्ग भएका छन् । खासगरी भन्ने हो भने काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले काठमाडौं महानगर बाट गरिब जनता गरीखाने वर्गलाई हटाउने खोजेको छ,’ गुप्ताले जनाएका छन् ।

‘कवाड व्यवसायी र संकलक माथि भईरहेको यो प्रकारको महानगरको गुन्डागर्दी ज्यादतीलाई तत्काल रोक्न लगाई व्यवसायीको जिउधनको रक्षाको लागी हामी कवाड व्यवसायी माननीय मन्त्री ज्यु समक्ष अनुरोध गर्न चाहन्छौं,’ ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

## सांसद किरण साहको पद खारेजी र मत फिर्ताको माग गर्दै निर्वाचन आयोगमा निवेदन दर्ता

काठमाडौ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद किरण साहको सांसद पद खारेज गर्नुपर्ने माग गर्दै निर्वाचन आयोगमा निवेदन परेको छ । साथै सांसद साहलाई दिइएको मत समेत फिर्ता माग गरिएको छ ।

रौतहट राजपुर नगरपालिका-४ निवासी राजनकुमार साहले बिहीबार निर्वाचन आयोगमा निवेदन दर्ता गराउदै यस्तो माग गरेका हुन् । सांसद साह रौतहट क्षेत्र नं. २ बाट निर्वाचित सांसद हुन् । गत आमनिर्वाचनमा सांसद साह स्वतन्त्र उम्मेदवारको रुपमा उम्मेदवारी दर्ता गरेका थिए ।

आम जनताले स्वतन्त्र जिताउ अभियान अन्तरगत आफ्नो अमुल्य मत दिइ बिजयी बनाएको तर सांसद साहले त्यसको ठिक उल्टो जसको विरोधमा प्रतिस्पर्धा गरेका थिए सोही दलमा प्रवेश गरेकाले आफूहरुले दिइएको मत फिर्ता गर्नुपर्ने र सांसद पद खारेज गर्नुपर्ने जिकिर निवेदक साहको रहेको छ । स्वतन्त्र उम्मेदवारको रुपमा बिजयी भएको केही समय पछि सांसद साह एमालेमा प्रवेश गरेका थिए । अहिले सांसद साह प्रतिनिधिसभा अन्तरगतको महिला तथा सामाजिक मामिला समितिका सभापति समेत रहेका छन् ।




समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिविम्बित गर्दछ ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

